# बागमती नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
कमैया, सर्लाही/मधेश प्रदेश

बागमती नगरपालिका नगर कार्यपालिकाको कार्यालय कमैया, सर्लाही मधेश प्रदेश, नेपाल

## आन्तरिक आयको ठेक्का सम्वन्धी १५ दिने सूचना
**(प्रथम पटक सुचना प्रकाशित मितिः (२०८२।०३।१९)**

यस कार्यालयको आ. व. २०८२।०८३ को नगरसभाबाट यस नगरपालिका अन्तरगत देहाय बमोजिम आन्तरिक आय सम्वन्धी ठेक्का बन्दोवस्त गरी राजश्व संकलन गर्ने निर्णय भएकोले इच्छुक व्यक्ति फर्म वा कम्पनीले व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि, व्यवसाय नविकरण गरेको प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्वर प्रमाणपत्रको प्रतिलिपि, मु. अ. कर दर्ता प्रमाणपत्रको प्रतिलिपि, आ. व. २०८०।०८१ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि, व्यक्तिको हकमा नागरिकता प्रमाणपत्रको प्रतिलिपि संलग्न राखी रु १०००।(एक हजार मात्र, फिर्ता नहुने गरी) राजश्व शाखामा बुझाई न्यूनतम कबोल रकम भन्दा बढावढमा शिलबन्दी बोलपत्र तोकिएको मिति भित्र पेश गर्नुहुन यो सूचना अव्हान गरिएको छ ।

| सि.नं. | ठेक्का नं | ठेक्काको नाम | न्यूनतम कबोल रकम | धरौटी | कैफियत |
|---|---|---|---|---|---|
| १ | आय/ १/२०८२/०८३ | नयाँबस्ती हाटबजार बागमती- ३ सर्लाही । | २०,०००। | ५००। | |
| २ | आय/२/ २०८२/०८३ | जिरायत हाटबजार बागमती -४, सर्लाही | २,००,०००। | ५०००। | |
| ३ | आय/ ३/२०८२/०८३ | टेकानी हाटबजार बागमती -५, सर्लाही । | २५,०००। | ६२५। | |
| ४ | आय /४/२०८२/०८३ | बागमती न. पा. क्षेत्रभित्र बागमती नदीमा माछामार्ने कार्य । | १,००,०००। | २५००। | |

**शर्तहरु :**

१. प्रथम पटक प्रकाशित भएको मितिले टेण्डर फारमभरी १५ औ दिनसम्म कार्यालय समय भित्र निवेदनसाथ नवीकरण भएको इजाजतपत्र, मूल्य अभिबृद्धि कर (VAT) मा दर्ता भएको प्रमाणपत्र, आ.व. २०८०।०८१ सम्मको कर चुक्ता प्रमाणपत्र प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, बोलपत्र फारम दस्तुर बुझाएको नगदी रसिद सहित बोलपत्र फारम खरिद गरी सक्नुपर्नेछ ।

२. बोलपत्र दाखिला गर्दा बोलपत्र जमानत (BID Security) धरौटी बापतको रकम बोल कवोल अंकको २.५% रकम यस कार्यालयको एन. आइ. सि. एसिया बैंक, कमैया शाखामा रहेको धरौटी खाता नं. ग-३-० ४५CA०५२६३९५५२४०४ मा रकम जम्मा गरेको सक्कलै भौचर वा १२० दिनको म्याद भएको बैंक ग्यारेन्टी गोप्य शिलवन्दी टेण्डर फारमसँग पेश गर्नु पर्नेछ

३. सकार गरेको रकमको पहिलो किस्ता बापत नगद र दोस्रो र तेस्रो किस्ता बापतको हकमा मिति २०८३ श्रावण मसान्त सम्म म्याद भएको बैंक जमानत पेश गर्नुपर्ने छ । एकमुष्ट रकम जम्मा गरेको हकमा १०% छुट दिइनेछ। सो रकम आन्तरिक आय खातामा जम्मा गरी सम्झौताको लागि पेश गर्नुपर्ने छ ।

४. दररेट शर्तहरुलाई पालना गर्ने गरी रीतपूर्वक भरी शिलवन्दी गरी टेण्डर फारम १६ औं दिनको १२:०० बजेसम्म यस बागमती नगरपालिकामा दर्ता गरी सक्नु पर्नेछ ।

५. बोलपत्र फारम दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा क्रमश : सो को भोलिपल्ट बोलपत्र दाखिला र खोल्ने कार्य हुनेछ तर खरिद कार्य हुने छैन ।

६. रीतपूर्वक दर्ता आएका गोप्य शिलवन्दी टेण्डर फारमहरु १६ औं दिनका २:०० बजे बोलपत्रदाता स्वयम वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिनेछ। प्रतिनिधको उपस्थिति नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

७. शिलवन्दी दरभाउ पत्र फारममा आफूले कवोल गरिएको रकम अंक र अक्षरमा स्पष्ट बुझ्ने गरी लेखु पर्ने छ ।

८. बन्द, हडताल लगायत गाउँलेहरुले ठेक्का चलन वा गर्न नदिएको जस्ता जुनसुकै कारणबाट ठेकेदारलाई क्षति पुग्न गएमा सम्वन्धित ठेकेदार नै जिम्मेवार हुनुपर्नेछ र त्यस बापत यस कार्यालयबाट कुनै पनि क्षति पुर्ति तथा मिनहा दाबि गर्न पाउने छैन ।

९. हाट बजारमा बिक्री गर्न ल्याउने व्यवसायिहरुबाट नियमानुसार तोकिएको दररेटमा कर संकलन गर्नु पर्नेछ ।

१०. बोलपत्र पेश गर्दा कुनै किसिमको शर्त मान्य हुनेछैन। बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयलाई हुनेछ ।

११. यसमा उल्लिखित नभएका कुराहरु प्रचलित कानून बमोजिम हुनेछ ।

१२. यस सम्वन्धी अन्य कुनै जानकारीका लागि कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

२०८२/०३/१९

प्रमुख प्रशासकीय अधिकृत